# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः ०७५।७६ मितिः २०७५।१२।०८
च.नं :

श्री प्रमुखज्यू,
साईपाल गाउँपालिका,
बझाङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट मनरा साईपाल गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड २५ लाख ८४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२६ लाख २० हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५४ लाख ६६ हजार र प्रमाण पेश गर्नुपर्ने रु.१ करोड ४४ लाख ९८ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भएको छैन ।

२. आम्दानी तथा खर्चको स्रेस्ता तयार गर्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १३ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# साईपाल गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## ०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा  प्रदान गर्नु गाउंपालिकाको उदेश्य रहेको छ । यो गाउँपालीका अर्न्तगत ९ वडा रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७४।०७५ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

**साईपाल गाउँपालिका**

| | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | २०१२४१९१.०० | |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ९४३६२४३८.०० | |
| | ख) बैंक | ५९४८६३२.१७ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व (बडा १,२,३ र गा पा ) | ३४६५३७०.०० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क )वित्तीय समानीकरण अनुदान | १०००००००००.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २६६३७०००.०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) सामाजिक सुरक्षा | ४६०१०००.०० | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | क) नगद मौज्दात | ७२२२५०.०० | |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात | ९१०२९३२.०० | |
| | ग) समपूरक अनुदान | | | ८ | गत वर्षको रकमबाट खर्च | ५९४८६३२.१७ | |
| | घ) विशेष अनुदान | | | ९ | हिसाव मिलान बांकी | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | १० | सामाजिक सुरक्षा | ४६०१०००.०० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | ११ | फिर्ता | ६५१२८०८.०० | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| १० | **धरौटी आय** | | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय (बिभिन्न ब.उ.सि.नं)** | | | | | | |
| | **जम्मा** | **१४०६५२००२.१७** | | | **जम्मा** | **१४१३७४२५१.१७** | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यक्रम स्वीकृत गर्ने र अख्तियारी प्रदान गर्ने सम्वन्धमा उक्त व्यवस्थाको पालना गरी वित्तिय जवाफदेहिता सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्थालाई पालना गरी समयमानै निर्माण तथा सेवा प्रवाह सम्वन्धि कार्यलाई व्यवस्थीत गर्नुपर्ने देखिएको छ । | |
| ३. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये अधिकांस आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन । | |
| ४. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको बैक नगदी कितावमा आम्दानी तथा खर्च देखिने गरी जोड जम्मा गरेको छैन । यसबाट कुल खर्च र चौमाशिक खर्चको अवस्था यकिन हुने देखिएन । | |
| ५. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउंपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउंपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ६. | **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख आंशिक रुपमा राखेको भएपनि बेरुजुको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको अधिकांश भरपाईमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार नहुनाका साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन ।<br>साथै कार्यालयले भुक्तानी गरेको कतिपय विल भरपाईको भौचर खडा गर्दा कर कट्टी गरी भुक्तानी गर्नुपर्ने रकममा समेत कर कट्टी गरेको देखिएन । उक्त भुक्तानी यकिन गरी कर कट्टी गरेर मात्र भुक्तानी गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।<br>गाउँपालिका अन्तरगतका विद्यालयहरुले शिक्षक कर्मचारीको तलवको चौमाशिक माग फारम पठाउने र पालिकाले एकमुष्ट निकाशा दिने गरेको पाइयो । शिक्षक तथा कर्मचारीलाई निकाशा रकममबाट तलब भत्ता वितरण गरिसकेपछि कट्टी गरिएका रकमहरु जस्तै क. सं. कोष, ना. ल. कोष, सा. सु. कर, सावधिक जिवन विमा, पारिश्रमिक कर आदि सम्बन्धित शिक्षक कर्मचारीको नामको बैंक खातामा दाखिला गरेको प्रमाण आंशिक रुपमा मात्र पेश भएको छ । दाखिला प्रमाण | |

<table>
<tr><td></td><td>पेश नहुदा सम्बन्धित शिक्षक कर्मचारीको नाममा उक्त रकम जम्मा भए नभएको यकिन गर्न सकिएन । साथै विद्यालयले आन्तरिक श्रोतबाट तलव खुवाएका शिक्षक कर्मचारीको तलव खर्च स्पष्ट विवरणको अभावमा विश्लेषण गर्न सकिएन । साथै शिक्षक कर्मचारीको तलवको चौमाशिक निकाशा माग फारम पेश नभएकोले निकाशा रकम भिडान हुन सकेन ।<br>गाउपालिकाले सञ्चालन गरेको विकासका योजनाको नापी कार्यसम्पन्न प्रतिवेदन पेश भएको देखिएपनि भौगालिक अवस्थाका कारण सबै निर्माण क्षेत्रमा प्राविधिक पुग्न नसक्ने हँदा गाउँपालिकाको केन्द्र तथा सदरमुकाममा बाट योजना निर्माण र फरफारकको कागजात बन्ने अवस्था देखिएको छ । यसवाट नापीमा देखाएको कामको वास्तविक परिमाण र कार्यस्थलको कामको वास्तविक परिमाण वीच भिन्नता हुन सक्ने देखिएकोले अनुगमन संयन्त्र निर्माण गरी योजना कार्यन्वयनको वास्तविक अवस्था यकिन गर्नुपर्ने देखिएको छ ।<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले कर्मचारी विवरण उपलव्ध नगराएकोले जनशक्तिको अवस्था यकिन हुन सकेन ।</td><td></td></tr>
<tr><td>७.</td><td>सम्पत्ति लेखांकन : गाउंपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>८.</td><td>आय व्यय हिसाव : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० मा गाउँपालिकाको आर्थिक कार्य प्रणाली सम्वन्धि व्यवस्था छ । कार्यालयले पेश गरेको आय व्यय विवरण विश्लेषण गर्दा आर्थिक वर्षको अन्त्यमा रु. ७,२२,२५०.०० नगद मौज्दात देखिएको छ । आर्थिक वर्षको अन्तमा खाता बन्द गर्नुपर्नेमा नगरेको, वैंक नगदी किताब जोड जम्मा नगरेको, भौचर उठाइ खर्च स्वीकृत भएपछि मात्र चेक काट्नुपर्नेमा पहिला चेक काटी विल भरपाई पछि मिलाएको जस्ता अवस्थाले कार्यालयको वास्तविक खर्चको अवस्था यकिन गर्न सकिएन । वैंक स्टेटमेण्ट विश्लेषण गर्दा मुल खातामा डिपोजिट हुन नआएको वहुक्षेत्रीय पोषणको रु. ११,००,०००.०० स्थानिय शासन तथा सामुदायिक विकासको रु. १०,५९,०००.०० मध्येको रु. ८,३०,०००.०० गरिवसंग विश्वेश्वर कार्यक्रमको रु. ४,२९,०००.०० समेत रु. १८,२१,०००.०० समावेश गरी आय व्यय हिसाव तयार गरेकोले आय व्यय विवरण यर्थाथ छैन । वैंकमा जम्मा नदेखिएको रु. १८,२१,०००.०० का सम्बन्धमा दफा ९ मा उल्लेख छ ।<br>साथै आ. व. को अन्त्य सम्म पनि खातामा जम्मा नगरी नगद कायम गरेको तथा वैंक नगदी किताब र कारोवारको अभिलेखमा नदेखिएको रु. ७,२२,२५०.०० व्यक्ति संग रहेको देखिएकोले सम्बन्धित व्यक्ति पहिचान गरी अविलम्व वेरुजु खातामा दाखिला गर्नुपर्ने देखिएको छ</td><td>७२२२५०.००</td></tr>
<tr><td>९.</td><td>मुल खातामा आम्दानी नदेखिएको : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद–१० मा गाउँपालिकाले आय तथा निकाशा मुल कोषमा जम्मा गरी चालु र पूजीगत खातामा ट्रान्सफर गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले देहायका ४ शिर्षकमा वैंक आदेश निकाशा दिएको रु. २५,८८,०००.०० मध्ये गाउँपालिकाको मुल खाताको वैंक स्टेटमेन्ट संग भिडान गर्दा रु. ७,६७,०००.०० मात्र जम्मा भएको देखिएको छ । मुल खातामा जम्मा भएको वाहेक बांकी रु. १८,२१,०००.०० गाउँपालिकाको खातामा जम्मा नगरी नगदै झिकी खर्च गरेको देखिएको छ । नियमानुसार गाउँपालिकाको खातामा जम्मा गरेर पुनः गाउँपालिकाको निर्णय अनुसार चालु र पूजीगत खातामा ट्रान्सफर गरी स्वीकृत योजनामा कार्य सम्पन्न गरेपछि खर्च लेख्नुपर्नेमा खातामा जम्मा नगरी वैंकबाट नगद झिकी आफुखुसी खर्च गर्ने सम्बन्धित व्यक्तिहरुको पहिचान गरी उक्त रकम र अन्य निकाशाका सम्बन्धमा छानविन तथा यकिन गरी अशुल गर्नुपर्ने देखिएको छ ।
<table>
<tr><th>व. उ. शि. नं.</th><th>विवरण</th><th>जम्मा वैंक आदेश (रु)</th><th>गा. पा. खातामा जम्मा भएको (रु)</th><th>खातामा जम्मा नगरी नगद झिकेको (रु)</th></tr>
<tr><td>३६५८४७३</td><td>वहुक्षेत्रिय पोषण</td><td>११०००००.००</td><td>५३८०००.००</td><td>५६२०००.००</td></tr>
<tr><td>३६५८१९४</td><td>स्थानीय शासन तथा सानुदायिक विकास (पूजीगत)</td><td>६०००००.००</td><td>०</td><td>६०००००.००</td></tr>
<tr><td>३६५८१९३</td><td>स्थानीय शासन तथा सानुदायिक विकास (चालु)</td><td>४५९०००.००</td><td>२२९०००.००</td><td>२३००००.००</td></tr>
<tr><td>-</td><td>गरिव संग विश्वेश्वर</td><td>४२९०००.००</td><td>०</td><td>४२९०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५८८०००.००</td><td>७६७०००.००</td><td>१८२१०००.००</td></tr>
</table></td><td>१८२१०००.००</td></tr>
<tr><td>१०.</td><td>उपभोक्ता समिति : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश</td><td></td></tr>
</table>

गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले विभिन्न आपूर्तिकर्तासँग सामान तथा सेवा खरिद गर्दा अग्रिम आयकर कट्टी गरेको समेत पाइएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।

११. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गा.वि.स. तथा गाउंपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । गाउंपालिकाका वडाहरुले देहायअनुसारको रु. ४६,२०,८००.०० सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सो व्यवस्थाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

| **वडा नं** | **सामाजिक सुरक्षा रकम** | | |
|---|---|---|---|
| | प्रथम चौमाशिक | दोश्रो चौमाशिक | तेश्रो चौमाशिक |
| १ | १४३२८००.०० | ४९२०००.०० | ४८६८००.०० |
| २ | | | |
| ३ | | ४८७६००.०० | ४८७६००.०० |
| ४ | | ४११२००.०० | ४२५२००.०० |
| ५ | | १९८८००.०० | १९८८००.०० |
| **जम्मा** | १४३२८००.०० | १५८९६००.०० | १५९८४००.०० |

**पञ्जिकरण अभिलेख :** गाउँपालिकाले सम्बन्धित वडा सचिवले उपलब्ध गराएको विवरणका आधारमा पेश्की दिई प्राप्त भरपाई तथा फाँटवारीको आधारमा पेश्की फछ्यौट गरेको पाइयो । पञ्जिकरण अभिलेख अद्यावधिक भए नभएको परिक्षण गर्न मृत्यु दर्ता अभिलेख रजिस्टर माग गरिएकोमा पेश हुन आएन । त्यसैले मृत्यु भईसकेका लाभग्राहीको नाममा शसर्त रकम निकाशा एवं वितरण भए नभएको यकिन गर्न सकिएन ।

१२. **नापी किताव** : निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब (म.ले.प.फा.नं. १७१) मा उल्लेख गर्नुपर्ने गरि महालेखापरीक्षकबाट स्वीकृत गराइ महालेखा नियन्त्रक कार्यालयले लागु गरेको छ । उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था रहेकोमा कार्यालयले तयार गरेको नापी किताबमा अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी राख्ने गरेको नदेखिएकोले खर्च भएको वास्तविक परिमाण र रकम तथा बांकी परिमाण र रकमको अवस्था एकिन गर्न सकिने आधार देखिएन ।

१३. **रसिद नियन्त्रण खाता :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा अन्तिम लेखापरीक्षण हुदा सरकारी नगदीको लगत कार्यालय प्रमुखले अद्यावधिक गर्न लगाउने तथा हानी नोक्सानी हुन गएको भए अशुल उपर गराउनुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा राजस्व आम्दानीको लेखा महालेखापरीक्षकको कार्यालयबाट तोकिएको ढांचामा अद्यावधिक गरी राख्नुपर्ने र लेखा संग भिडान हुने प्रमाण कागजात सिलसिलेवार रुपमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले रसिद नियन्त्रण खाता अद्यावधिक नगरेकोले रसिद बाट भएको आम्दानीको अवस्था यकिन हुन सकेन । यस वर्ष रु. ३४,६५,३७०.०० राजस्व आम्दानी भई दाखिला भएको देखिएकोमा उक्त आम्दानीमा केही नगदी रसिदको आम्दानी समावेश भएको छैन । ती नगदी रसिद संकलन गरी त्यसबाट भएको आय यकिन गरी राजस्व दाखिला गराउनुपर्ने देखिएको छ ।

| | | |
|---|---|---|
| १३.१ | **राजश्व :** आय व्यय विवरणमा राजस्व आय तर्फ रु. ३४,६५,३७०.०० आन्तिरिक आय देखाएको छ । उक्त आयमा गाउँपालिका र वडा नं. १, २ र ३ को आय मात्र समावेश छ । अन्य वडा नं. ४ र ५ मा के कति आम्दानी भएको छ यकिन छैन । रसिद नियन्त्रण खाता नराखेको र सवै रसिद लेखापरीक्षणमा पेश नभएकोले राजस्व उठ्तिको अवस्था यकिन हुन सक्ने देखिएन । सवै नगदी रसिदको आम्दानी प्राप्त गरी आय जनाउन र राजस्व चुहावट हुन नदिन गाउँपालिकाले रसिद मार्फत उठाउने राजस्वको दैनिक आम्दानी किताब, दाखिलाको अनुगमन जस्ता संयन्त्रको प्रयोग गरी आम्दानीको यर्थाथ चित्रण गरी हिसाव किताब समेत दुरुस्त गर्नुपर्ने देखिएको छ । | |
| १४. | **योजना व्यवस्थापन :** वार्षिक गाउंपालिका विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाउंपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । गाउंपालिकाले भौतिक पूर्वाधार, प्रवर्धनात्मक कार्यक्रम र गाउंपालिका अनुदानमा समेत गरी पूजीगत शिर्षकबाट खर्च गर्ने गरी निर्माण योजना र कार्यक्रम स्वीकृत गरी अधिकांस योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना १५ वटा, १ देखि २ लाख सम्मका योजना १० वटा, २ देखि ३ लाख सम्मका योजना १३ वटा, ४ देखि ५ लाख सम्मका योजना १० बटा, ५ देखि १० लाख सम्मका योजना ७ वटा र १० लाख भन्दा माथिका योजना १८ वटा सञ्चालन गरेको देखिएको छ । निर्माण सम्झौता थौरै भएपनि प्राविधिक कर्मचारी अभाव र भौगोलिक विकटताका कारण समयमै निर्माण सम्पन्न नभएको र प्राविधिक निर्माण स्थलमा पुग्न नसकेको कारण कामको गुणस्तरमा समेत असर पर्ने देखिएको छ । यस सम्बन्धमा गाउंपालिकाको ध्यान जानुपर्ने देखिएको छ । | |
| १५. | **गाउँदेखि धलौन मा. वि. वाटो मर्मत :** कार्यालयले लागत अुमान रु. २२,३७,८७६.५४ को गाउँदेखि धलौन मा. वि. सम्म वाटो मर्मत गर्ने कार्यमा रु. १०,०००.०० को निर्माण स्थल सफा गर्ने, रु. ६९,३६२.२६ को वाटो चौडा पार्ने, रु. २०,७२,१५६.७४ को ढुंगा छाट्ने तथा रु. ८६,३८०.२३ को सिमेन्टको जोडाइको ढुंगाको पर्खाल निर्माण गर्ने समेतको गरी रु. २२,३७,८९९.२३ को निर्माण कार्यको विलबाट उपभोक्ताको योगदान रु. ३,३७,८९९.२३ घटाई रु. १९,००,०००.०० भुक्तानी दिएको देखियो । कुल खर्चको ९२.५ प्रतिशत ढुंगा छाट्ने कार्यमा खर्च भएको छ । निर्माण कार्यको संरक्षण र दिगोपनाका लागि उपभोक्ता समितिलाई मर्मत र संरक्षणमा उत्प्रेरित गर्ने गरी निर्माण सम्झौतामा नै प्रावधान समावेश गरी दिगो उपयोग गर्ने तर्फ गाउँपालिकाको ध्यानार्कषण हुनुपर्ने देखिएको छ । | |
| १६. | **लोकन्तेखोला लघु जलविद्युत आयोजना :** कार्यालयले लोकन्तेखोला लघु जलविद्युत आयोजनाको पावर हाउस, क्यानल तथा संरचना निर्माण कार्यका लागि लागत अनुमान वरावरकै कार्य सम्पन्न गरी रु. ६०,८८,७१६.०० र ढुवानीका लागि अप्ठ्यारा सामान विद्युत पोल तथा अन्य सामाग्री ढुवानीको रु. ३८,००,०००.०० समेत गरी जम्मा रु. ९८,८८,७१६.०० मा अन्य विविध खर्च रु. ३,९४,५७१.०० समावेश गराई जम्मा रु. १,०२,८३,२८७.०० को कार्य सम्पन्न भएको देखाई उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो । नापीको आधारमा भुक्तानी भएपनि स्थलगत विकटताको कारण स्थलगत अवलोकन गर्न सकिने अवस्था देखिएन । खर्चको आधारमा विश्लेषण गर्दा कुल खर्चको ३७ प्रतिशत ढुवानीमा खर्च भएको छ । निर्माण कार्यको लागत अनुमान तयार गरी भुक्तानी गर्दा ढुवानी समेत संलग्न गरी भुक्तानी गर्ने गरेको भएपनि चालु तथा पूजीगत खर्चको वजेटबाट समेत थप ढुवानी खर्च लेखेको छ । आयोजनागत ढुवानी खर्च भुक्तानी गरीसकेपछि स-साना टुक्रे ढुवानी देखाई ठुलो रकम खर्च लेखेको कार्य औचित्यपूर्ण देखिएन । यस्तो अवस्थामा सुधार गर्ने तर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ । | |
| १७. | **तालिम सञ्चालन :** कार्यालयले गो. भौ. नं. १८१।०७५।०१।२३ बाट श्री मानविर वोहराको निवेदन संलग्न गरी विविध खर्च शिर्षकबाट तालिम कार्यक्रम सञ्चालनको रु. १,७३,०००.०० खर्च भुक्तानी गरेको देखियो । भौचरकासाथ ६९ जनालाई रु. २५००.०० का दरले रु. १,७२,५००.०० खाजा खर्च र ब्यानर छपाइको रु. ५००.०० को विल संलग्न गरेको देखिएपनि सहभागीको उपस्थिति खुल्ने प्रमाण कागजात र सहभागिलाई प्रदान गरेको तालिमको विषगवस्तु झल्कने कार्यपत्र लगायतका कागजात संलग्न छैन । यसबाट तोकिए अनुसारको तालिम सञ्चालन भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । पर्याप्त प्रमाण कागजात संलग्न गरी वास्तविकतामा आधारित भएर मात्र खर्च गर्नुपर्ने देखिएको छ । | |
| १८. | **थप पेश्की :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा | १,४०,०८,२८७.०० |

बजेट सिमा भित्र रही खर्च गर्नुपर्ने र प्रमाणित विल भरपाई संलग्न गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यसै नियमावलीको परिच्छेद ९ मा पेश्की सम्बन्धि व्यवस्था छ । कार्यालयले देहाय अनुसारको योजनामा रु १,४०,०८,२८७.०० भुक्तानी गर्दा सम्झौता अनुसार शुरु चरणमा लिएको पेश्की फछ्यौट नगरी पेश्की माथि पेश्की थप गरी आर्थिक वर्षको अन्त्यमा मात्र नापी किताब र विल संलग्न गरी फरफराक गरेको पाइयो । पहिलो पेश्की फछ्यौट नगरी पेश्की माथि पेश्की थप गरी आर्थिक वर्षको अन्त्यमा नापी गरी फछ्यौट गर्दा सुचारु रुपमा काम भएको यकिन नहुने र भएको कामको समेत वास्तविक नापी हुन नसक्ने अवस्था देखिएको छ । उपभोक्ता समितिको विल तयार नगरी पेश्की माथि पेश्की थप गरी भुक्तानी दिएको नियमित देखिएको छैन । निर्माण कार्यको यर्थाथ अवस्था देखिने गरी नापी गर्न र सोही आधारमा कार्य परिमाण कायम गरी भुक्तानी विल तयार गर्न सहज हुने गरी कार्य प्रगतिको आधारमा उपभोक्ता समितिको विल तयार गरी पेश्की फछ्यौट गरी बांकी रकम भुक्तानी दिने र थप कार्यको नापी भई उपभोक्ता समितिको विल तयार भएपछि मात्र भुक्तानी फरफारक गर्नुपर्ने देखिएको छ ।

| भौ. नं. | योजनाको नाम | पेश्की चरण | पेश्की (रु) | पेश्की फछ्यौट (रु) |
|---|---|---|---|---|
| ५०/०७४/०८/२८ | वलौकी खानेपानी योजना | पहिलो पेश्की | ७८३७५०.०० | |
| १४९/०७४/१२/२८ | | दोस्रो पेश्की | ८८६४१८.०० | |
| २१५/०७५/०३/२९ | | तेस्रो पेश्की | ७०३८३२.०० | |
| २१५/०७५/०३/२९ | | पेश्की फछ्यौट | | २३७५०००.०० |
| ९/०७४/०६/२५ | लोकन्तेखोला लघु जलविद्युत आयोजना | पहिलो पेश्की | १३०००००.०० | |
| ५९/०७४/०८/२९ | | दोस्रो पेश्की | २००००००.०० | |
| ८५/०७४/१०/०३ | | तेस्रो पेश्की | ४२००००.०० | |
| १२१/०७४/११/०३ | | चौथो पेश्की | ११५००००.०० | |
| १५८/०७४/१२/२१ | | पाँचौ पेश्की | २८०००००.०० | |
| १५८/०७४/१२/२१ | | विविध खर्च सहित पेश्की फछ्यौट | | १०२८३२८७.०० |
| १३/०७४/०६/२३ | घलौन बाटो खडैची | पहिलो पेश्की | १३५००००.०० | |
| १६४/०७५/०१/११ | | दोस्रो पेश्की | ५५००००.०० | |
| १६४/०७५/०१/११ | | पेश्की फछ्यौट | | १३५००००.०० |
| | | **जम्मा** | | **१४००८२८७.००** |

१९. **टेलिफोन टावर निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यालयले उपभोक्ता समितिसंग सम्झौता गरी रु. ९,१०,०००.०० मा टेलिफोन टावर निर्माण सम्पन्न गरी गो. भौ. नं. २०५।०७५।३।२७ संग कार्य सम्पन्न भएको अन्तिम विल संलग्न गरी भुक्तानी दिएको देखियो । टेलिफोन टावर भवन निर्माण भइसकेको तथा सञ्चारको सहज पहुँच पुऱ्याउन आवश्यक भएको स्थानमा यथासिघ्र सञ्चार उपकरण जडान गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिएको छ ।

२०. **क्षमता अभिवृद्धि कार्यक्रम :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा वजेट सिमा भित्र रही खर्च र्गुपर्ने र प्रमाणित विल भरपाई संलग्न गरेर मात्र भुक्तानी दिनुर्पर्ने व्यवस्था छ । कार्यालयले गो. भौ. नं. ८०।०७४।०९।२५ बाट उपभोक्ता समिति गठन तथा उपभोक्ता समिति पदाधिकारी क्षमता वृद्धि अन्तरकृया कार्यक्रम गरेको भनि रु. ४,९०,०००.०० खर्च लेखेको देखियो । भौचरका साथ उक्त कार्यक्रममा होटलबाट खाना खाए बापतको भरपाई संलग्न गरेको छ । उक्त भरपाईमा होटलको नाम र खानको विवरण खुलेको छैन । होटल तथा व्यक्तिको नाम मात्र उल्लेख गरी महेश धामी, रुदे धामी, दिल वोहरा, भिम वोहरा, फिट्टु वोहराले जनही रु. ९८,०००.०० का दरले जम्मा रु. ४,९०,०००.०० बुझिलिएको देखिन्छ । उक्त कार्यक्रम भए नभएको यकिन गरी प्रमाण समेत पेश गर्नुपर्ने र कार्यक्रम खर्चका सम्बन्धमा कार्यालयले छानविन तथा यकिन गरी कार्य नभई खाना खर्च मात्र लेखेको पाइएमा सम्बन्धितबाट अशुल गर्नुपर्ने देखिएको छ । ४९००००.००

२१. **टुक्रे खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (९) २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । नमुनाका आधारमा छनौट भएका मध्ये कार्यालयले यस वर्ष देहाय अनुसारको रु. २०,२२,४८७.७६ को खरिद गर्दा ऐनको दफा ६ मा उल्लेख भए अनुसारको खरिद योजना समेत तयार नगरी सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रे खरिद गर्ने कार्यमा सुधार गर्नुपर्ने देखिएको छ । केही उदाहारण निम्न छन् ।

| भौ. नं. | सामान । कार्य | आपूर्ति कर्ता | भुक्तानी (रु) |
|---|---|---|---|
| ९१/०७४/१०/२२ | दराज टेवुल लगायतका फर्निचर तथा फर्निसिङ | स्मृति जनरल सप्लार्यस् , चैनपुर | २८६६२०.०० |
| ९६/०७४/१०/२४ | सिरक डस्ना तन्ना | सुर्मादेवी सिरक कुटानी पिसानी उद्योग | २२८९००.०० |
| १६८/०७५/०१/१२ | फर्निचर खरिद | सुर्मादेवी फर्निचर उद्योग | २५०००.०० |

| | | | |
|---|---|---|---|
| १४/०७४/०७/०६ | फर्निचर लगायतका सामान | स्थानीय खरिद | २६००००.०० |
| ३०/०७४/०८/१३ | ब्याट्री तथा इर्न्भट | एल एस इलेक्ट्रोनिक एण्ड सप्लार्यस् | २५०८०५.७६ |
| ३३/०७४/०८/०३ | सञ्चार सामान, सोलार सिष्टम लगायत | साइपाल इलेक्ट्रोनिक्श एण्ड कम्प्यूटर चैनपुर | ३४६५००.०० |
| ३८/०७४/०८/१३ | फर्निचर टेबुल दराज खटिया | नानन फर्निचर उद्योग चैनपुर | ६५४००.०० |
| ३९/०७४/०७/१३ | फर्निचर दराज डोरम्याट लगायत | कालिका हार्डवेयर एण्ड सप्लार्यस्, चैनपुर | ६१५००.०० |
| ९०/०७४/१०/२२ | मेसिनरी औजार स्टील दराज डल्फिन चेयर | सगुन ट्रेड एण्ड सप्लार्यस् | ४९७७६२.०० |
| | **जम्मा** | | **२०,२२,४८७.७६** |

कार्यालयले फरक फरक मितिमा सदरमुकाम र धनगढी समेतबाट दराज, टेवल, रिभल्भिङ चेयर, डोरम्याट, कुशन, सोलारका सामान, स्टिल दराज, मेसिनेरी औजार खरिद गरी गाउँपालिका सम्म पुऱ्याउदा ढुवानीमा वढी खर्च भएको देखिएको छ । स्थानीय सामाग्री प्रयोग गरी वनाउन सके सस्तो दरमा वन्न सक्ने सम्बन्धमा कार्यालयले अध्ययन गरी ढुवानी खर्च न्यूनिकरण गर्ने तर्फ पहल गर्नुपर्ने देखिएको छ । नमुना अनुसारका रु. २०,२२,४७८.७६ को सामान ढुवानी खर्चका साथै नुनको ढुवानी गरी रु. १०,५०,०००.०० ढुवानी खर्च भुक्तानी गर्दा प्रतिस्पर्धि खरिद विधि बाट आपूर्तीकर्ता तथा ढुवानीकर्ता छनौट गर्ने तर्फ कार्यलयको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

२२. **रोक्का राखेको :** आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा प्रमाणित विल भरपाई संलग्न गरि खर्च गर्नपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ्ग विल तथा विजकको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कर्यालयले देहायका २ निर्माण कार्यमा निर्माण कार्य सम्पन्न हुनु पूर्वनै विल तयार गरी आर्थिक वर्षको अन्तमा काम हुन बांकी कार्यको समेत भुक्तानी दिएको देखियो । निर्माण कार्य पुरा नभई सुविस्ताका आधारमा खर्च लेखि खातामा निकाशा दिइ रोक्का राख्ने कार्यले वित्तिय अनुसाशन पालना भएको देखिएन । यस सम्बन्धमा आवश्यक सुधार गर्न सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिएको छ । १४०००००.००

| **क्र. सं.** | **स्थान** | **योजनाको नाम** | **सम्झौता रकम** | **रोक्का (रु)** |
|---|---|---|---|---|
| १ | पर्वता वडा नं. १ | धलन मा. वि. | ५००००००.०० | ११०००००.०० |
| २ | पर्वता वडा नं. १ | धलन खा. पा. योजना | २७३००००.०० | ३०००००.०० |
| | | **जम्मा** | **७७३००००.००** | **१४०००००.००** |

२३. **कायाखोला लघु जलविद्युत योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गर्न सकिने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिसंग काया खोला लघु जलविद्युत योजना निर्माण सम्झौता गरी समितिले पेश गरेको विल भरपाईको आधारमा इन्नोभेटिभ एण्ड सस्टेनेबल टेक्नोलोजी सोलुसन प्रा. लि. को रु. ६४,५०,०६१.५० को विजक संलग्न गरी भौ.नं. २३४।०७५।०३।३१ मा इलेक्ट्रिकल सामानको भुक्तानी दिएको देखियो । उक्त भुक्तानीमा मु. अ. कर. अगाडिको मुल्य रु. ५०,८८,५४०.०० मा आयकर ऐन, २०५८ को दफा ८८ (४) मा व्यवस्था भए अनुसार १.५ प्रतिशतले हुने रु. ७६,३२८.२५ करकट्टी गरेको छैन । नियमानुसारको करकट्टी रकम अशुल गरी दाखिला गर्नुपर्ने देखिन्छ । ७६३२८.२५

२३.१ उक्त जलविद्युत योजनामा इलेक्ट्रिकल सामानको रु. ६४,५०,०६१.५० र ढुवानीको रु. ३९,४८,५१०.०० समेत रु. ९७,९८,५७१.५० भुक्तानी भएकोमा ढुवानीमा कुल खर्चको ४० प्रतिशत खर्च भएको देखिन्छ । ढुवानीमा मितव्ययिता कायम गर्ने तर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

२३.२ कुल रु. ६४,५०,०६१.५० को विभिन्न सामाग्री मध्ये टर्वाइन लगायतका रु. ११,२७,६५०.०० को इलेक्ट्रिकल सामान प्राप्त भएको छैन । टर्वाइन तथा इलेक्ट्रिकल सामान निर्माण स्थलमा नपुग्दै सवै सामान ढुवानीको रु. ३९,४८,५१०.०० ढुवानी खर्च लेखेको नियमित देखिएन । ५०७६१६०.००

२३.३ साथै कार्यालयले सामान प्राप्त भएको भनि उपभोक्ता समितिले पेश गरेको विजकको आधारमा उपभोक्ता समितिलाईनै सम्पूर्ण रकमको भुक्तानी दिएको छ । उपभोक्ता समितिले ती सामान प्राप्त भई आम्दानी बांधेको तथा निर्माण सम्पन्न भएका कार्यको हकमा नापी गरी नापी किताब अद्यावधिक गरेको छैन । सामान सप्लाई गर्ने इन्नोभेटिभ एण्ड सस्टेनेबल टेक्नोलोजी सोलुसन प्रा. लि. लाई उपभोक्ता समितिले भुक्तानी गरेको विल विजक संलग्न नभएकोले सम्पूर्ण सामान प्राप्त भएको सम्वन्धमा आश्वास्त हुने सकेन । अतः ती सामान प्राप्त भइ जडान समेत भएको प्रमाण पेश हुनुपर्ने देखिएको छ ।

२३.४ विस्तृत डिजाइन र लागत अनुमान तयार गरी सोही आधारमा योजना सञ्चालन नगरेकोले निर्माण

कार्यको सिभिल निर्माण कार्यमा कति खर्च हुने हो यकिन छैन । ढुवानी र सामाग्री खरिदमा रु. ९७,९८,५७१।५० भुक्तानी भइसकेको कार्यमा साइटमा गर्ने सिभिल कार्यमा कुनै खर्च नदेखिनुले इलेक्ट्रिकल सामान खरिद गरी थुपार्ने प्रवृत्ति देखिएको छ । साथै सिभिल कार्य नभइ सामान खरिद र ढुवानी गर्दा सामान हराउने तथा जडान नहुने अवस्था समेत देखिएको छ । विस्तृत डिजाइनको आधारमा सवै कार्य र क्षेत्र समेटेको लागत अनुमान तयार गरी फेव्रिकेशन र इलेक्ट्रिकल सामान मात्र खरिद गर्ने र सिभिल कार्यमा ढिलाई गर्ने परिपाटिमा नियन्त्रण हुने गरी सुधार हुनुपर्ने देखिएको छ ।

२४. निजामती सेवा नियमावली, २०५० मा पारित तलवि प्रतिवेदन अनुसार ग्रेड भुक्तानी गर्नुपर्ने तथा भ्रमण खर्च नियमावली, २०६४ मा स्वीकृत भ्रमण आदेश अनुसार भ्रमण गरी खर्च लेख्नुपर्ने साथै आयकार ऐन, २०५८ मा भुक्तानीमा करकट्टी गर्नुपर्ने लगायतको व्यवस्था छ । कार्यालयबाट देहाय अनुसारको भुक्तानीमा स्थानीय भत्ता बढि भुक्तानी भएको, निमित्त भत्ता बढि भुक्तानी भएको साथै भ्रमण आदेश वेगर भ्रमण खर्च लेखेको समेत गरी रु. ८९,८८,४६५.०० भुक्तानी भएको भनि आन्तरिक लेखापरीक्षणले कायम गरेका व्यहोरा लेखापरीक्षण अवधि सम्म फछ्र्यौट भएको देखिएन । उक्त रकम का सम्बन्धमा देहायमा उल्लेख भए अनुसार बेरुजु खातामा दाखिला गर्नुपर्ने वा प्रमाण पेश गर्नुपर्ने वा नियमित गर्नुपर्ने देखिएको छ । ८९८८४६५.००

| गो.भौ.नं | मिति | श्रेस्ता परिक्षणबाट देखिएको वेरुजू | नियमित गर्नूपर्ने | असूल गर्नूपर्ने |
|---|---|---|---|---|
| | | **चालू खर्च खाता** | | |
| २२१ | २०७४५.०३.२८ | धलौन मा.वि. धलौनका प्र.अ. श्री हिक्मत बहादूर सिंहले किशोरी जनचेतनामूलक गोष्ठीमा सहभागीहरुलाइ २ दिनको प्रति दिन १००० का दरले रु २४००००।०० वितरण गरेको भरपाइ मात्र पेश गरी भूक्तानी भएको तर प्रशिक्षक नराखेको, कार्यक्रम प्रस्तावना पेश नगरेको, कार्यक्रम सम्पन्न प्रतिवेदन पेश नगरी कार्यक्रम संचालन गरेकोले पेश भएको प्रमाणे आधारको खर्च स्वभाविक हो भन्न नसकिएकोले प्रमाण पेश गरी नियमित गर्नू पर्ने देखिन्छ । | २४००००.०० | |
| १८७ | २०७५.०३.२० | सामान ढूवानी बापत रु २४६०००।०० भुक्तानी गरेकोमा के कति सामान कून परिणाममा ढूवानी भएको खूल्न नसकेकोले ढूवानी भएको सामानको प्रमाण पेश गरी नियमित गराउनू पर्ने देखिन्छ । | २४६००.०० | |
| | | विविध खर्च ३७२००० खर्च भुक्तानी गरेकोले भुक्तानी हूने आधार पेश गर्नूपर्ने देखिन्छ । | ३७२०००.०० | |
| | | अनूगमन खाना खर्च बापत रु ४३४०००।०० भूक्तानी भएको तर अनूगमन प्रतिवेदन पेश नभएकोले सो पेश गर्नू पर्ने देखिन्छ । | ४३४०००.०० | |
| १७४ | | विविध खर्च को विल भुक्तानी गर्दा रु ४३६२५।०० बराबरको विल नभएकोले खर्च विल पेश गरी नियमित गर्ने । | ४३६२५.०० | |
| १७६ | २०७५.०३.११ | सामान ढूवानी बापत रु ८०००० भुक्तानी गरेकोमा के कति सामान कून परिणाममा ढूवानी भएको खूल्न नसकेकोले ढूवानी भएको सामानको प्रमाण पेश गरी नियमित गराउनू पर्ने देखिन्छ । | ८००००.०० | |
| १०९ | २०७५.०१.१२ | ना.सू. श्री कृष्णराज जाशीले विल भरपाइ पेश नगरी रु १८५०००।०० भूक्तानी लिएकोमा के कति कारणले भूक्तानी लिएको हो प्रमाण पेश गरी नियमित गराउने अन्यथा खर्च लेख्ने अधिकारीबाट असूल उपर गर्नू पर्ने देखिन्छ । | १८५०००.०० | |
| १४७ | २०७५.०२.२३ | स्वास्थ्य चौकीका तलब भत्ता भुक्तानी गर्दा तिलसरी घर्ती मगर रु ४७७१८।०० र दिल कूमारी थारु ३४६६८।०० लाइ बढी भुक्तानी भएकोले जम्मा असूल हूनू पर्ने रु | | ८२३८६.०० |
| १४९ | २०७५.०२.२५ | सामान ढूवानी बापत रु ३७८४२०।०० भुक्तानी गरेकोमा के कति सामान कून परिणाममा ढूवानी भएको खूल्न नसकेकोले ढूवानी भएको सामानको प्रमाण पेश गरी | ३७८४२०.०० | |

| | | | | |
|---|---|---|---|---|
| | | नियमित गराउनू पर्ने देखिन्छ । | | |
| | | परिचय पत्र छपाइ बापतको विल उरै सूर्मा अफसेट प्रेसलाइ रु १६००००।०० भुक्तानी दिदा पान विल पेश गरेकोले खर्च लेख्ने अधिकारीबाट १५ प्रतिशत अनूसार रु २४०००।०० खर्च लेख्ने अधिकारीबाट असूल गराउनू पर्ने देखिन्छ । | | २४०००.०० |
| ५८ | | सामान ढुवानीमा रुपातोलाबाट प्रति भारी ८०००।०० का दरले ३२ भारी २५५०००।०० भुक्तानी गरेकोमा के कति सामान कून परिणाममा ढुवानी भएको खुल्न नसकेकोले ढुवानी भएको सामानको प्रमाण पेश गरी नियमित गराउनू पर्ने देखिन्छ । | २५५०००.०० | |
| ६७ | २०७५.०३.२५ | ना.प्रा स सूमन कूमार सिहलाइ सामान ढुवानी बापत रु २५५०००।०० भुक्तानी गरेकोमा के कति सामान कून परिणाममा ढुवानी भएको खूल्न नसकेकोले ढुवानी भएको सामानको प्रमाण पेश गरी नियमित गराउनू पर्ने देखिन्छ । | २५५०००.०० | |
| ६८ | | कर्मचारीलाइ महिना भुक्तान भए पछि तलब खर्च लेख्ने नमिल्ने व्यवस्था भएकोमा धूली नि मा वि धूलीको शिक्षक नवराज जोशीको मा रु १५६१८०।०० तलब पेश्की दिएको पाइएकोले पेश्की फछ्र्यौट भए नभएकों एकिन गर्न नभएको हूदा प्रमाण पेश गर्नू पर्ने अन्यथा असूल हूनूपर्ने देखिन्छ । | १५६१८६.०० | |
| विभिन्न | | कार्यालय सहयोगी कलक बहादूर बोहरा मासिक त.भ. रु ३३३०।०० बढी भूक्तानी लिएकोमा जम्मा रु ३९९६०।०० असूल हून् पर्ने | | ३९९६०.०० |
| ३१ | २०७४.०८.१३ | केशवराज जोशीलाइ सामान ढुवानी बापत रु २५५०००।०० भुक्तानी गरेकोमा के कति सामान कून परिणाममा ढुवानी भएको खूल्न नसकेकोले ढुवानी भएको सामानको प्रमाण पेश गरी नियमित गराउनू पर्ने देखिन्छ । | २५५०००.०० | |
| ३२ | २०७४.०८.१३ | का.स. कलक बहादूर बोहरालाइ सामान ढुवानी बापत रु १५२०००।०० भुक्तानी गरेकोमा के कति सामान कून परिणाममा ढुवानी भएको खूल्न नसकेकोले ढुवानी भएको सामानको प्रमाण पेश गरी नियमित गराउनू पर्ने देखिन्छ । | १५२०००.०० | |
| ४१ | | सामान ढुवानी बापत रु १५००००।०० भुक्तानी गरेकोमा के कति सामान कून परिणाममा ढुवानी भएको खूल्न नसकेकोले ढुवानी भएको सामानको प्रमाण पेश गरी नियमित गराउनू पर्ने देखिन्छ । | १५००००.०० | |
| | | **पूजिगत खर्च खाता** | | |
| ५७ | | धलौन सामूदायिक स्वास्थ्य चौकी उपभोक्ता समितिका अध्यक्ष हरिष चन्द्र बोहराले रु ५०००००।०० को औषधि खरिद के केती कामको लागि खरिद गरेको,खरिद गरेको औषधिको प्रकार परिणाम तथा गूणस्तरसमेत सम्बन्धित प्राविधिकबाट निरिक्षण गराउनू पर्ने, उपभोक्ता समितिका अध्यक्षले औषधि खरिद गर्न मिल्ने नमिल्ने छान विन गर्नू पर्ने विश्वसनिय आधार पेश गर्नू पर्ने देखिन्छ । | ५०००००.०० | |
| ६७ | | कार्यालय सहयोगी कलक बहादूर बोहरालाइ विभिन्न शिर्षकका भुक्तानी दिइएको मध्ये बैठक भत्ता बापत पा. कर रु १२७५०।०० दाखिला पर्नूपर्ने रु | | १२७५०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ७६ | | वडा कार्यालय सरसफाइ तथा लिपपोत बापत रु २४००००।०० भुक्तानी लिएकोमा ५ जना महिलालाइ १ वडा १६ दिन सम्म जम्मा ८० दिन सम्म काम गराइएको देखिएकोले सो काम भए नभएको स्पष्ट छान विन गरी विश्वसनिय आधार पेश गर्नू पर्ने अन्यथा असूल उपर गर्नू दखिन्छ । | २४००००.०० | | | |
| | ७७ | | धलौन खा पा उ स मा रु.९४०५०० को पेश्की फ. गर्दा ९१५५।०० आयकर र ३३००।०० बहाल कर गरी जम्मा दाखिला गर्नू पर्ने रु | | १२४५५.०० | | |
| | ८० | | उपभोक्ता समिति गठन तथा उपभोक्ता समिति पदाधिकारी क्षमता वृद्धि कियाकलामा रु ४९००००।०० भुक्तानीमा बैठक निर्णय उपस्थिति तथा के कार्यक्रम संचालन भएको प्रशिक्षक नभएको कार्यक्रम सम्पन्न प्रतिवेदन पेश नगरेकोले कार्यक्रम संचालन भएको नभएको यथार्थ एकिन गर्न नसकेकोले विश्वसनिय आधार पेश गर्नू पर्ने देखिन्छ । | ४९००००.०० | | | |
| | ३२८ | | बालकक्षा भवन निर्माण उ.स.लाइ ९१००००।०० भुक्तानी गर्दा ताम्राकार हार्डवेयर एण्ड सप्लायर्सको रु ७७४४४ को फोटोकपी विल राखेकोले सक्कल विल राख्नू पर्ने र आयकर रु १०३२।०० दाखिला गर्नू पर्ने देखिन्छ । | | १०३२.०० | | |
| | २१० | | जगेडा खा.पा.नि.उ.स.को पे.फ. गरी भुक्तानी गर्दा अग्रीम आयकर दाखिला हून बाकी रकम असूल हूनू पर्ने रु | | १८६३०.०० | | |
| | २१४ | | सामूदायिक स्वास्थ्य निर्माण बापत रु १३२३९३९।०० पे.फ.गरी ४९२०११।०० भुक्तानी गर्दा रु १७६९२५ स्मृति जनरल ट्रेडर्स सप्लायर्स विल टूका पारी खरिद गरेकोले कर दाखिला गर्न बाकी रु. (अग्रीम आयकर बाहेक) | | १३८८४.०० | | |
| | ८८ | | जनमूखी एफ. एम.लाइ रु २५०००।०० भुक्तानी गदौ कर दाखिला गर्नू पर्ने रु | | ३७५०.०० | | |
| | ८० | | सगून ट्रेडर्स एण्ड अर्डर सप्लायर्सलाइ फर्निचर खरिद गरे बापत भुक्तानी गर्दा कर कटी दाखिला गर्नू पर्ने रु | | ६६०८.०० | | |
| | ८४ | | काडां मा.वि. लाइ भुक्तानी दिदा कर कटी असूल हूनू पर्ने रु | | ८०३९.०० | | |
| | ९४ | | कार्यापालिका सदस्य रामलाल कामीलाइ वडा नं २ मा सरसफाइ अभियान संचालन गरेबापत रु १६००००।०० भूक्तानी दिएकाले कामको पूष्टि हूने स्पष्ट विश्वसनिय आधार पेश गर्नू पर्ने देखिन्छ । | १६००००.०० | | | |
| | | | धलौन सामूदायिक स्वास्थ्य केन्द्रका लागि रु २०,००,०००।०० विनियोजन भएकोमा रु २०,६०,९३९।०० भूक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु ६०९३६।०० को प्रमाण पेश गरी नियमित गराउनू पर्ने देखिन्छ । | ६०६९०.०० | | | |
| | १०५ | २०७४.११.०२ | धूली जगेडा सामूदायिक खा.पा. को पे.फ.गर्दा कर दाखिला गर्नू पर्ने रु | | ७९८९.०० | | |
| | १२३ | २०७४.११.०३ | शेर बहादूर रोकायाले चैनपूर दखि तलकोट सम्म सरिया सिमेन्ट ढूवानी गरे बापत बहाल कर रु ४०००।००, सूर्मदिवी सप्लायर्सबाट सामान खरिद गरृ बापत अग्रीम आयकर रु ३७६५ र बसमा सामान ढूवानी गरे बापत बहाल कर रु ३५०० बैंक दाखिला गर्नें पर्ने देखिन्छ । | | ११२६५.०० | | |
| | १२९ | २०७४.११.०९ | महिला जनचेतना गाउ स्तरीय तालिम संचालन बापत कार्यालय सहयोगी कलक बोहराले रु २९००००।०० भुक्तानी लिएको कार्यक्रम संचालनको केही स्रेस्ता नभएकाले स्रेस्ता पेश गरी नियमित गराउनू पर्ने अन्यथा असूल उपर हूनू पर्ने देखिन्छ । | २९००००.०० | | | |
| | २१५ | | बलौदी खा.पा.योजनामा कार्य सम्पन्न प्रतिवेदन अनूसार कन्टिजेन्सि काटेर रु २३७५०००।०० भुक्तानी हूनूपर्नेमा रु २५०००००।०० भुक्तानी भएको बढी भूक्तानी भएको रु १२५०००।०० असूल हूनू पर्ने देखिन्छ । | | १२५०००.०० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २१६ | | खानेपानी निर्माण उ.स.को कार्य सम्पन्न प्रतिवेदनमा ७५५३३९।०० भुक्तानी हुनूपर्नेमा रु १२९०९२०।०० भुक्तानी भएको मा बढी भुक्तानी रकम ५३५६८१।०० असूल हुनू पर्ने देखिन्छ । | | ५३५६८१.०० | | |
| | १४ | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ को उपनियम १ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालय बाट स्थायी लेखा नं. र मूल्य अभिबृद्धि कर दार्ता प्रमाणपत्र प्राप्त गरेका ब्यक्ति,फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नूपर्ने व्यव्स्था भएकोमा साइपाल गा.पा.ले विभिन्न फर्निचर सामग्री पान विलबाट खरिद गरी रु.२६००००।०० को विल भूक्तानी गर्दा मू.अ.कर असूल उपर हून् पर्ने रु. ३९०००।०० | | ३९०००.०० | | |
| | १७ | | मिति २०७४।१२।०७ मा विभिन्न सामान रु १००००० सवारी साधनबाट र रु ४००००० भरियाबाट ढूवानी गरे बापत जम्मा रु ५५००००।०० खर्च लेखिएकोले सामानको परिणाम केही नखूलेको हूदां बास्तविक ढूवानी भएको सामान के कति परिणामको हो छान विन गरी प्रतिवेदन पेश नियमित गराउने अन्यथा खर्च अधिकारीबाट असूल गर्नू पर्ने देखिन्छ । | ५५००००.०० | | | |
| | २७ | | मिति २०७४।०७।२७ मा धूली स्वास्थ्य केन्द्रको सामान रु ३९००००।०० भरियाबाट ढूवानी गरेको भरपाइ पेश गरी खर्च लेखेको बास्तविक ढूवानी भएको सामान के कति परिणामको हो कूनै प्रमाण पेश नगरेकोले छान विन गरी प्रतिवेदन पेश गर नियमित गराउने अन्यथा खर्च अधिकारीबाट असूल गर्नू पर्ने देखिन्छ । | ३९००००.०० | | | |
| | ३५ | | मिति २७४।०८।३ मा विभिन्न सामान रु ४९८०००।०० भरियाबाट ढूवानी गरेको भरपाइ पेश गरी खर्च लेखेको बास्तविक ढूवानी भएको सामान के कति परिणामको हो कूनै प्रमाण पेश नगरेकोले छान विन गरी प्रतिवेदन पेश गरी नियमित गराउने अन्यथा खर्च अधिकारीबाट असूल गर्नू पर्ने देखिन्छ । | ४९८०००.०० | | | |
| | ३६ | | प्रकाश बहादूर बोहरालाइ छूट रकम भनी रु २५५२४।०० भुक्तानी भएकोले छूट भएको प्रमाण पेश गरी नियमित गराउने अन्यथा असूल उपर गर्नू पर्ने देखिन्छ । | २५५२४.०० | | | |
| | ३९ | | रु ८९५००।०० को फर्निचर खरिद गरी जिन्सी खातामा दाखिला नभएकोले आम्दानी दाखिला गरी प्रमाण पेश गर्ने | ८९५००.०० | | | |
| | ४१ | | रु.२०००००।०० कार्यालय सहयोगी कलक बोहराले भुक्तानी लगी घांस काटने क्रममा रु बखा चराउने क्रममा लडेको व्यक्ति घाइते भएको भनी प्रति व्यक्ति रु ४००००।०० का दरले भरपाइ पेश गरेकोले उल्लेखित व्यक्ति पिडित हो होइन वास्तविक घटनाको छानविन गरी प्रतिवेदन पेश गरी नियमित गराउने अन्यथा खर्च लेख्ने अन्यथा असूल उपर गर्ने | २०००००.०० | | | |
| | १५४ | २०७४.१२.२१ | बाठपाला मन्दीर निर्माण विल भुक्तानी गर्दा प्रविधिकको कार्य सम्पन्न प्रतिवेदन विना नै भुक्तानी भएकोले सो प्रमाण पेश गरी नियमित गराउनू पर्ने देखिन्छ । | १२५७००.०० | | | |
| | १५६ | २०७४.१२.२१ | गोरेटो बाटो निर्माण कार्यका भुक्तानी गर्दा प्रविधिकको कार्य सम्पन्न प्रतिवेदन विना नै भुक्तानी भएकोले सो प्रमाण पेश गरी नियमित गराउनू पर्ने देखिन्छ । | ४२०००.०० | | | |
| | १५९ | | न्यूना ल.ज.वि आयोजनाको प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन अनूसार २२४००५५।५० मध्ये रु ३४००५५।५० जनश्रमदान ९०००००।०० पेश्की रु २९७३५।०० अग्रीम आयकर कटाइ रु ९७०२६५।०० भूक्तानी हूनूपर्नेमा रु २२३१२०२। भुक्तानी भएकोमा बढी भुक्तानी भएको रु १२६०९३७ असूल हूनू पर्ने देखिन्छ । | | १२६०९३७.०० | | |
| | १६१ | २०७४.१२.२१ | कसेडी देखि विद्यालय सम्म गोरेटो बाटो निर्माण गर्दा प्राविधिकको कार्य सम्पन्न विना नै भुक्तानी भएकोले सो प्रमाण पेश गरी नियमित गराउने अन्यथा असूल हूनू पर्ने देखिन्छ । | ४५०००.०० | | | |

| | | | | |
|---|---|---|---|---|
| १६१ | २०७४.१२.२१ | रु १८९००० बराबरको परिचय पत्र छपाइमा दरभाउ पत्र माग नभई खर्च लेखिएकोले र भ्यट बिल पेश नभएकोले खर्च लेख्ने अधिकारीबाट मू.अ.कर रु २८३५०।०० असूल हूनू पर्ने देखिन्छ । | | २८३५०.०० |
| २१९ | | प्राविधिकको कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु ११८९४०३।८४ मध्ये जनश्रमदान २३९४०३।८४ पेश्की ६०५०००।०० अग्रीम आयकर २९४४ कटाइ बाकी रु ३४२०५६।०० भुक्तानी हूनू पर्नेमा ४११५६०।०० भुक्तानी भएको बढी भूक्तानी रु. ६९५०४।०० असूल हूनू पर्ने रु | | ६९५०४.०० |
| | | **जम्मा** | ६६८७२४५.०० | २३०१२२०.०० |
| | | **कूल जम्मा** | | ८९८८४६५.०० |

२५. **वित्तिय जवाफदेहिता :** महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरेको वित्तिय जवाफदेहिता मुल्याङ्कन सम्वन्धि अनुसूची ११ मा उल्लेखित ४ सूचकहरुको आधारमा विश्लेषण गर्दा यस कार्यालयको वित्तिय जवाफदेहिता मुल्याङ्कनको स्तर सामान्य ( डि ग्रेड) रहेको देखिएको छ ।

२६. **बेरुजू -** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु. २६ लाख २० हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५४ लाख ६६ हजार र प्रमाण पेश गर्नुपर्ने रु. १ करोड ४४ लाख ९८ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भएको छैन ।

२७. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले बेरुजु फछ्र्यौट गरी सम्परीक्षणका लागि अनुरोध गरेको छैन ।

(रु हजारमा)

| गत वर्षको बेरुजु रकम (रु) | यो वर्ष फछ्र्यौट(रु) | बांकी (रु) |
|---|---|---|
| १०७६ | १०७६ | ० |

२८. **अद्यावधिक बेरुजू स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : (रु हजारमा)

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ० | **०** | ३२५८४ | ३२५८४ |

अनुसूची– १७

# स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## संघीय मामिला तथा सामान्य प्रशासन लेखापरीक्षण निर्देशनालय

## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| ९ | बझाङ | साइपाल गाउँपालिका | २२ | ८ | ३२५८४ | ० | ० | ० | २२ | ८ | ३२५८४ | २६२० | १५४६६ | १४४९८ | ० | ० | ३२५८४ | ० | ० | ० |

अनुसूची- १

# स्थानीय तह सञ्चित कोष विवरण

## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :-** ७

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| ९ | साइपाल गाउँपालिका | बझाङ | ५९४८ | १००००० | २६६३७ | ८०६७ | १३४७०४ | २०१२४ | ९४३६२ | १६३४१ | १३०८२७ | ९८२५ |